आज मिति २०७८ साल असोज २२ गते शुक्रवारका दिन दिउसो १:०० बजे यस मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष श्री विदुर हुँमागाईंज्यूको अध्यक्षतामा बसेको ६३ औं गाउँ कार्यपालिकाको वैठक देहाय वमोजिमका पदाधिकारीहरुको उपस्थितीमा पेश भएका उल्लेखित प्रस्तावहरु उपर छलफल गरी तपसिल वमोजिम निर्णय गरियो ।

| सिं.नं. | उपस्थिती | कार्यपालिकामा पदाधिकार पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री विदुर हुँमागाईं, अध्यक्ष | अध्यक्ष | |
| २ | श्री हर्कमाया रुम्वा, उपाध्यक्ष | सदस्य | |
| ३ | श्री आइत सिं लो, १ नं. वडा अध्यक्ष | सदस्य | |
| ४ | श्री वखान सिं पाखिन, २ नं. वडा अध्यक्ष | सदस्य | |
| ५ | श्री भागवत घिमिरे, ३ नं. वडा अध्यक्ष | सदस्य | |
| ६ | श्री राम प्रसाद तिमल्सिना, ४ नं. वडा अध्यक्ष | सदस्य | |
| ७ | श्री जित वहादुर घिमिरे, ५ नं. वडा अध्यक्ष | सदस्य | |
| ८ | श्री टिका प्रसाद दाहाल, ६ नं. वडा अध्यक्ष | सदस्य | |
| ९ | श्री सुर्य वहादुर रुम्वा, ७ नं. वडा अध्यक्ष | सदस्य | |
| १० | श्री कुमार सिं घिसिङ, ८ नं. वडा अध्यक्ष | सदस्य | |
| ११ | श्री सुरेन्द्र सुनार, कार्यपालिका सदस्य | सदस्य | |
| १२ | श्री मन्जु योन्जन, कार्यपालिका सदस्य | सदस्य | |
| १३ | श्री चिनिमाया लुङ्वा, कार्यपालिका सदस्य | सदस्य | |
| १४ | श्री वुद्धिमाया वोम्जन, कार्यपालिका सदस्य, | सदस्य | |
| १५ | श्री पातलीमाया गोले, कार्यपालिका सदस्य | सदस्य | |
| १६ | श्री निर्मला विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य | |
| १७ | श्री रामकुमार पुडासैनी, प्रमुख प्रशासकिय अधिकृत | सदस्य-सचिव | |

Scanned with CamScanner

## ६३ औं गाउँ कार्यपालिकाको बैठकका प्रस्तावहरु                    मिति: २०७८ असोज २२

१. बडादशैं तथा तिहारको सुभकामना आदनप्रदान सम्बन्धमा ।
२. नदीजन्य पदार्थका सम्बन्धमा ।
३. प्रदूषण नियन्त्रण कर सम्वन्धि कार्यविधि, २०७८ सम्बन्धमा ।
४. बालमैत्री कार्यक्रम सम्बन्धमा ।
५. आय ठेक्का सम्वन्धमा ।
६. क्रसरहरुको बक्यौता जरिमाना सम्बन्धमा ।
७. आर्थिक सहायता सम्वन्धी ।
८. खरको छाना सम्वन्धी ।
९. भुकम्प पुन:निर्माण सम्वन्धि ।
१०. विविध

**छलफल तथा निर्णयहरु :**

**१. बडादशैं तथा तिहारको सुभकामना आदनप्रदान सम्बन्धमा ।**

यस मकवानपुरगढी गाउँपालिकामा निर्वाचित पदाधिकारीहरु तथा समस्त गाउँबासीहरु, सरकारी तथा गैरसरकारी कार्यालयहरुमा कार्यरत कर्मचारीहरु तथा समस्त नेपालीजनहरुमा यहि २०७८ सालको बडादशैं तथा तिहारको उपलक्ष्यमा सुख, समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय सुभकामना व्यक्त गरीयो ।

**२. नदीजन्य पदार्थका सम्बन्धमा ।**

क) जिल्ला विपद व्यवस्थापन समितिले मिति २०७७ चैत्र १६ देखि ३१ गते सम्मका लागि विपद निम्तन सक्ने जोखिम क्षेत्रको रुपमा रहेको सामरी खोलाबाट नदीजन्य पदार्थ उत्खनन् गर्नका निमित्त दिएको अनुमतिबमोजिम कार्यपालिकाबाट निर्णय भई नदीजन्य पदार्थ उत्खनन् तथा व्यवस्थापनको लागि उपाध्यक्ष श्री हर्कमाया रुम्बाको संयोजकत्वमा एक उपसमिति गठन गरी उक्त उपसमितिलाई जिम्मेवारी प्रदान गरिएकोमा नदीजन्य पदार्थको बिक्रि वितरणको क्रममा उत्पन्न भएको विवाद समाधानको लागि यसै मिति २०७८ भाद्र १३ को कार्यपालिकाको बैठकबाट उल्लेखित उपसमितिका सदस्यहरु योजना तथा राजश्व शाखाका नायब सुब्बा श्री प्रकाश न्यौपाने र प्राविधिक शाखाका इन्जिनियर श्री सुवास अधिकारीलाई सो विवादको सन्दर्भमा भएको वास्तविकता एवं यथार्थताको विषयमा स्पष्ट पार्नका निमित्त लिखित जवाफ लिने निर्णय बमोजिम लिखित जवाफ लिइएको सन्दर्भमा उक्त लिखित जवाफमा दुवै कर्मचारीले नदीजन्य पदार्थ बिक्रि वितरणको क्रममा केही त्रुटी भएको विषय स्विकार गरेको तर अनियमितता नभएको व्यहोरा स्पष्ट गरेको र अब उप्रान्त त्यस्तो त्रुटी हुन नदिन समेत वचनवद्ध भएकोले निज दुवै कर्मचारीलाई कारवाही स्वरुप **सचेत गराउने** निर्णय गरियो ।

ख) बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०७८ अनुसूची ६ मा तोकिएको दर रु ९ तथा गाउँपालिकाले विभिन्न व्यवसायी क्रसर तथा व्यक्तिहरुको आर्थिक लगानीमा उत्खनन् गर्दा लागेको खर्च रु. ३ समेत जोडी न्युनतम प्रति सि.एफ.टी १२ मूल्य निर्धारण गरी वोलपत्र सूचना प्रकाशन

बिदुर डुम्जन
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

विदुर हुमागाईं
अध्यक्ष

गरेको हुंदा बाँकी रहेको परिमाण ३४ लाख ७६ हजार २ सय ४४ सि.एफ.टी.को उत्खनन् व्यवस्थापन शुल्क रु. ३ का दरले हुन आउने रु. १ करोड ४ लाख २८ हजार ७ सय ३२ रुपैंया लागत अनुमान, नापि किताब तथा दरविश्लेषणको अधिनमा रही लगानी कर्ता व्यवसायी, फर्म कसरहरुलाई भुक्तानी गर्ने निर्णय गरियो ।

**३. प्रदूषण नियन्त्रण कर सम्बन्धि कार्यविधि, २०७८ सम्बन्धमा ।**

मकवानपुरगढी गाउँपालिकाको आर्थिक ऐन, २०७८ को दफा १५ बमोजिम स्थानीय जनतालाई वातावरणमा परेको प्रभावलाई कम गर्न यस गाउँपालिकाबाट स्थानीय स्रोत साधनहरु गाउँपालिका बाहिर निकासा हुंदा निश्चित दरमा शुल्क उठाउन प्रदूषण नियन्त्रण कर सम्वन्धि कार्यविधि, २०७८ स्विकृत गरी खानीजन्य नदीजन्य पदार्थमा प्रति सि.एफ.टी. रु. २५ पैसाका दरले प्रदूषण नियन्त्रण शूल्क लगाउने निर्णय गरियो । साथै उक्त कर निकासी हुने परिमाणको आधारमा सम्वन्धित पक्षसँग सहमती गरी एकमुष्ट लिने र सो परिस्थिती नबनेमा वोलपत्र प्रक्रियाबाट उठाउने निर्णय गरियो ।

**४. बालमैत्री कार्यक्रम सम्बन्धमा ।**

मकवानपुरगढी गाउँपालिकालाई बालमैत्री स्थानीय शासन भएको गाउँपालिकाको रुपमा स्थापीत गर्ने उद्धेश्यले अभियानमुलक रुपमा वडाहरुमार्फत कार्यक्रमहरु भइरहेको सन्दर्भमा बालमैत्री कार्यक्रमलाई प्रभावकारी बनाउन तपसिल बमोजिम आवश्यक कार्यान्वयन गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

**तपसिल**

- गाउँपालिकास्तरीय बालमैत्री शासन समितिबाट सिफारीस भएको मंसिर १५ भित्र सम्पन्न गर्नुपर्ने ३७ बुँदे वडास्तरीय क्रियाकलापलाई तोकिएकै समयावधिमा सम्पन्न गर्नका लागि प्रत्येक वडालाई क्रियाशिल भई कार्यान्वयन गर्न निर्देशन दिने ।
- गाउँपालिकास्तरीय बालमैत्री शासन समितिबाट सिफारीस भएको मंसिर १० भित्र सम्पन्न गर्नुपर्ने २७ बुँदे गाउँपालिकास्तरीय क्रियाकलापलाई तोकिएकै समयावधिमा सम्पन्न गर्नका लागि गाउँ कार्यपालिका कार्यालयलाई क्रियाशिल भई कार्यान्वयन गर्न निर्देशन दिने ।
- मकवानपुरगढी गाउँपालिकालाई चालु आर्थिक वर्षको माघ मसान्तभित्र बालमैत्री गाउँपालिका घोषणा गर्न मकवानपुरगढी गाउँपालिकाका सबै जनप्रतिनिधि तथा कर्मचारीहरु प्रतिबद्ध हुने ।
- बालमैत्री कार्यक्रम गर्न असहज भएका वडामा तथा पालिकामा दैनिक ज्यालादारी भूक्तानीहुने गरी बालमैत्री सहायक कर्मचारी राखि कामकाज लगाउने ।
- सुचकमा न्युनता आएको वडा नं. ७ र ६ नं. मा बालमैत्री कार्यक्रम, बालविवाह नियमन, नियन्त्रण सम्बन्धि कार्यक्रमहरुको संख्या बढाएर कार्यान्वयन गर्ने, गराउने ।
- पूर्ण बालश्रममुक्त घोषणा कार्यविधि बमोजिम कार्यान्वयन गरी गाउँपालिकालाई पूर्ण बालश्रममुक्त बनाउन बालश्रमको तथ्याकं संकलन गरी बालश्रम निराकरण गर्ने आवश्यक कार्यक्रम तथा क्रियाकलाप गर्ने,
- बालसञ्जालहरुको बैठक बस्दा बालबालिकाहरुलाई रु. ३० सम्मको खाजा व्यवस्थापन गर्ने,

**५. आय ठेक्का सम्बन्धमा ।**

यसै भाद्र १३ को कार्यपालिकाको बैठकबाट भएको निर्णय बमोजिम पूर्वाधार सेवा शूल्क, माटो शुल्क, मकवानपुरगढी दरबार प्रवेश तथा पार्किङ्ग शुल्क र नदीजन्य पदार्थ मौज्दाद लिलाम बडाबड ठेक्का

विदुर हुमागाईं
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

बिदुर हुमागाईं
अध्यक्ष

सूचना प्रकाशन गरिएकोमा माटोको ठेक्का लागेको, मौज्दाद नदीजन्य पदार्थको ठेक्का खोल्न बाँकी रहेको र ठेक्का खोलेका पूर्वाधार सेवा शुल्क र मकवानपुरगढी दरबार प्रवेश तथा पार्किङ्ग शुल्कमा ठेक्का नलागेकोले उक्त ठेक्का नलागेका राजश्वका क्षेत्रहरुमध्ये पूर्वाधार सेवा शुल्कको ठेक्का पुनः आव्हान गर्ने र मकवानपुरगढी दरबार प्रवेश तथा पार्किङ्ग शुल्कको हकमा हाललाई थप सूचना प्रकाशन नगरी निश्चित व्यक्ति मार्फत संरक्षण, व्यवस्थापन गरी आवश्यक शुल्क उठाउने निर्णय गरियो ।

**६. क्रसरहरुको बक्यौता जरिमाना सम्बन्धमा ।**

यस गाउँपालिकाभित्र स्थापित क्रसरहरुको आर्थिक वर्ष २०७६/०७७ मौज्दाद रहेको नदीजन्य पदार्थको जिल्ला समन्वय समितिबाट अनुगमन हुँदा भएको फरक मौज्दादको जरिमाना हालसम्म पनि पुरै प्राप्त नभएको हुँदा उक्त बक्यौता जरिमाना प्रति घनमिटर रु. ६० (साठी) का दरले यथाशक्य छिटो उपलब्ध गराउन सम्बन्धित क्रसरहरुलाई ताकेता गर्ने निर्णय सर्वसम्मतीमा गरियो ।

**७. आर्थिक सहायतता सम्बन्धमा ।**

आर्थिक सहायतता सम्बन्धी कार्यविधि, २०७४ बमोजिम यस गाउँपालिकामा स्वास्थ्य सम्बन्धी समस्या भएका निवेदक तथा विरामीहरुले दिएको निवेदन तथा खर्च भएको रकम अनुसार गाउँपालिका अध्यक्षज्यूबाट तोक आदेश भई अनुमोदन गर्नुपर्ने तथा आर्थिक सहायताका लागि पेश भएका सहयोगापेक्षी विपन्न तथा स्वास्थ्य समस्याबाट पिडित व्यक्तिहरुलाई आर्थिक सहायता शिर्षकबाट खर्च हुनेगरी तपसिल बमोजिम रकम आर्थिक सहयोग स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल**

| सि.नं | विरामी वा निवेदकको नाम र ठेगाना | स्वास्थ्य समस्या | आर्थिक सहायतता रकम |
|---|---|---|---|
| १ | विष्णु प्रसाद संजेल गढी-३ | अपाङ्ग नियमित औषधि | १५०००।- |
| २ | बिर व. घलान, गढी २ | खुट्टा फ्याक्चर | १५०००।- |
| ३ | बाल कुमारी दाहाल, गढी ६ | हेड इन्जुरी | २५०००।- |
| ४ | संतमाया अधिकारी, गढी ३ | क्यान्सर पिडित | २००००।- |
| ५ | जनक बहादुर लुङ्वा, गढी १ | हात फ्याक्चर | १५ हजार |
| ६ | सुन्तली ल्हो थोकर, गढी ३ | पित्तथैली सल्यक्रिया | २० हजार |
| ७ | रामशरण थापा, गढी २ | मृगौला रोगी | २५ हजार |
| ८ | बहादुर सिं घलान, गढी ७ | मृगौला रोगी | २५ हजार |
| ९ | मुरलीमाया गुरुङ्ग गढी ४ | मुटुमा समस्या | २५ हजार |
| १० | पासाङ योञ्जन गढी १ | दूर्घटना घाइते | १५ हजार |
| ११ | भिमकुमारी थिङ्ग गढी ५ | विद्युत दूर्घटना | २५ हजार |
| १२ | ज्ञानीमाया ल्हो गढी ७ | क्यान्सर पिडित | २५ हजार |
| १३ | कुशल घिमिरे गढी ३ | कोभिड पिडित | २० हजार |
| १४ | सोममाया थिङ्ग गढी ७ | स्वाश प्रश्वासमा समस्या | १० हजार |
| १५ | निर्मला माझि गढी ३ | पित्तथैली अपरेशन | २० हजार |
| १६ | अर्जुन वि.क गढी २ | हात भागिएको | ४ हजार |
| १७ | चन्द्र बहादुर भोम्जन, वडा नं. १ | पाखुरा अपरेशन | २० हजार |

बिदुर हुमागाईं
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

विदुर हुमागाईं
अध्यक्ष

**खरको छाना सम्बन्धी ।**

खरको छानामुक्त गाउँपालिका घोषणाको लागि वडा नं. १ र २ बाट प्राप्त तपसिल बमोजिमको खरको छाना भएका घरका विवरणहरु खरको छाना मुक्त बनाउने गरी सूचीमा परेका घरहरुमा छाना व्यवस्थापन र मर्मत संभार गराउने गरी सूची अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिल**

| वडा नं. १ मा खरको छाना भएका घरको नामावली | | | |
|---|---|---|---|
| क्र.सं. | व्यक्तिको नाम, थर | ठेगाना | कैफियत |
| १ | बिपनामाया भोलन | लेनडाडा | |
| २ | राम बहादुर भोलन | लेनडाडा | |
| ३ | जूठे ब. लो | जातेडाडा | |
| ४ | सर्ग ब. लो | जातेडाडा | |
| ५ | विकास लो | जातेडाडा | |
| ६ | पोते तितूङ | रानीडाडा | |
| ७ | कूमारी माया थिङ | रानीसेरा | |
| ८ | मरिचमान गोले | रानीसेरा | |
| ९ | दिल ब. गोले | ढाप | |
| १० | दल ब. स्याङतान | ढाप | |
| ११ | विरमान भोलन | गूर्दुम | |
| १२ | अस्मिता स्याङतान | आपटार | |
| १३ | मिन ब. थिङ | आपटार | |
| १४ | इन्द्र ब. भोम्जन | आपटार | |
| १५ | सूकलाल भोलन | आपटार | |
| १६ | सूकूमाया घलान | आपटार | |
| १७ | भक्त बहादूर स्याङतान | अम्वाटार | |
| १८ | मस्त ब. लूङवा | अम्वाटार | |
| १९ | विष्णूमाया घलान | अम्वाटार | |
| २० | श्याम ब. थिङ | अम्वाटार | |
| २१ | सुर्य ब. स्याङतान | अम्वाटार | |
| २२ | ज्ञान बहादूर भोम्जन | अम्वाटार | |
| २३ | भक्त बहादूर भोम्जन | अम्वाटार | |
| २४ | सोम ब. स्याङतान | अम्वाटार | |
| २५ | लालवीर भोम्जन | चप्रासी | |
| २६ | राममाया भोम्जन | चालिसे | |
| २७ | सन्चमाया भोम्जन | चालिसे | |
| २८ | सूकूमान थिङ | चालिसे | |
| २९ | देउमाया सिंगर | चालिसे | |
| ३० | विर ब. थिङ | आरुवारी | |

विदुर हुमागाईं
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

विदुर हुमागाईं
अध्यक्ष

| वडा नं. १ मा खरको छाना भएका घरको नामावली | | | |
|---|---|---|---|
| क्र.सं. | व्यक्तिको नाम, थर | ठेगाना | कैफियत |
| ३१ | सोनाम सिं थिङ | आरुवारी | |
| ३२ | मंगल सिं लूडवा | वाइवाती | |
| ३३ | लाल ब. थिङ | कर्मे | |
| ३४ | सून लाल भोलून | हरोडाडा | |
| ३५ | ठूलीमाया लूडवा | जरायोटार | |
| ३६ | भिममाया थिङ | ठाटी | |

| वडा नं. २ मा खरको छाना भएका घरको नामावली | | | |
|---|---|---|---|
| क्र.सं. | व्यक्तिको नाम, थर | स्थान | कैफियत |
| १ | शेर बहादूर लूडबा | सेल डाडा(माथिल्लो छाप टोल विकास | |
| २ | रत्न बहादूर लूडवा | सेल डाडा(माथिल्लो छाप टोल विकास | |
| ३ | श्याम लूङ्वा | सेल डाडा(माथिल्लो छाप टोल विकास | |
| ४ | जोगमाया लो | सेल डाडा(माथिल्लो छाप टोल विकास | |
| ५ | रितू बहादूर लो | सेल डाडा(माथिल्लो छाप टोल विकास | |
| ६ | विजय गोले | तल्लो छाप टोल विकास | |
| ७ | मोहन पाखीन | तल्लो छाप टोल विकास | |
| ८ | प्रलाद मैनाली | तल्लो छाप टोल विकास | |
| ९ | अमृता ल्वागून | तल्लो छाप टोल विकास | |

**९. भुकम्प पुनःनिर्माण सम्बन्धि ।**

भुकम्प पुनःनिर्माण प्राधिकरणको अवधि सम्पन्न हुन लागेको, भुकम्प पुनः निर्माणको तर्फबाट यस पालिकामा काम गर्ने २० जना भन्दा वढि करारका प्राविधिक र अन्य कर्मचारीहरु हटाइएको र हाल २ जना इन्जिनियर र २ जना अ.स.इन्जिनियरले यस पालिका लगायत अन्य पालिकामा समेत जिम्मेवारी वहन गर्ने गरी कामकाजमा खटाइएको सन्दर्भमा यस गाउँपालिकामा भुकम्प पुनःनिर्माण सम्वन्धि फाइलहरु अझैपनि केही संख्यामा रहेकोले उक्त फाइलहरु २०७८ कार्तिक मसान्तभित्र कामसम्पन्न पश्चात यथाशक्य छिटो अगाडि बढाउन वडा कार्यालयहरुलाई ताकेता गर्ने र सम्वन्धित निकायमा समेत अनुरोध गर्ने निर्णय गरियो ।

**१०. विविध**

विविधका सम्वन्धमा तपसिल बमोजिम निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | तोकआदेश रकम | खर्च शिर्षक |
|---|---|---|---|
| १ | अमित कडेल घर निर्माण | ५५ हजार | असहायसँग अध्यक्ष कार्यक्रम |
| २ | उर्गेन गुरु युवा क्लब तथा याङ्ला जनहित टोविस, वडा नं. १ खेलकुद कार्यक्रम | ५० हजार | गाउँपालिकास्तरीय खेलकुद कार्यक्रम |

विदुर हुमागाईं
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner